Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.नं. ०७७/७८

च.नं.

## सेवा करारमा परामर्शदाता इञ्जिनियर लिने सम्बन्धी सूचना
## दोस्रो पटक सूचना प्रकाशन मिति २०७८/०१/२४

नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागको पहलमा यस नगरपालिकाको खानेपानी तथा सरसफाई योजना (wash plan ) निर्माण गर्न जम्मा १७५ दिनका लाग १ जना परामर्शदाता सिभिल इञ्जिनियर सेवा करारमा लिनु पर्ने भएकाले निम्न योग्यता भएका व्यक्तिले ५ (पाँच) दिन भित्र यस कार्यालयमा माग भए बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**तपसिल**

| सि.नं. | पद | आवश्यक संख्या | न्युनतम शैक्षिक योग्यता | परीक्षाको किसिम | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | परामर्शदाता इञ्जिनियर | १ | सिभिल इञ्जिनियरिङ बिषयमा स्नातक तह उतिर्ण गरेको | अन्तर्वार्ता | १०००।– |

१.शर्तहरु :

- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ बिषयमा स्नातक तह उतिर्ण गरेको हुनुपर्नेछ।
- खानेपानी सरसफाई तथा स्वच्छता (WASH) को क्षेत्रमा कम्तीमा ३ महिनाको कार्य अनुभव भएको हुनुपर्नेछ।
- परामर्शदाता (इञ्जिनियर) सँग आफ्नै एण्ड्रोइड मोबाइल/ट्याबलेट र ल्यापटप हुनुपर्नेछ।
- NWASH-MIS एप्लीकेशन प्रयोग सम्बन्धी ज्ञान भएकोलाई प्राथमिकता दिइनेछ।

२.सेवा सुविधा र जिम्मेवारी : नेपाल सरकार खानेपानी मन्त्रालयले तयार गरेको वाश प्लान तयारी खर्च निर्देशिका र TOR बमोजिम हुनेछ।

३. उमेर २१ वर्ष पूरा भै ४५ वर्ष ननाघेको।

४. दरखास्त दिने स्थान बेसीशहर नगरपालिका।

५. दरखास्त दिने अन्तिम मिति :२०७८/०१/२८ गते कार्यालय समयभित्र।

६. दरखास्त दस्तुर : १०००।–

७. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु : निवेदक स्वयंले प्रमाणित गरेका देहाय बमोजिमका कागजातका प्रतिलिपिहरु

- ➢ नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- ➢ न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- ➢ अनुभव खुल्ने कागजात प्रतिलिपि, २ प्रति पासपोर्ट आकारको फोटो र बायो डाटा।

८. सम्पर्क मिति : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट।

९. अन्तवार्ता मितिः– सम्पर्क मितिमा तोकिने छ।

द्रष्टव्य-

दरखास्त दिने अन्तिम मिति तथा अन्तर्वार्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट दरखास्त तथा अन्तर्वाता लिइने छ। अन्य जानकारीको लागि यस कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहोला।

लिला वल्लभ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत